आज मिति २०७८ श्रावण १८ गते प्रमुख जिल्ला अधिकारी श्री मनमाँया भट्टराई पंगेनीको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को वैठक बसी निम्नानुसार निर्णय गरियो ।

**उपस्थिति**

प्र.जि.अ. श्री मनमाँया भट्टराई पंगेनी, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख श्री चेसराम आले,जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

नगर प्रमुख श्री छत्रराज पौडेल, गैडाकोट नगरपालिका, न.प.(व.सु.पू.)

स.प्र.जि.अ. श्री मोहन बहादुर थापा, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.सु.पू.)

प्रमुख सेनानी श्री दिपेन्द्र बोगटी , श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण, नवलपरासी (व.सु.पू.)

प्र.उ. श्री प्रकाश मल्ल, जिल्ला प्रहरी कार्यालय, नवलपरासी (व.सु.पू.)

उप.अनु.नि.श्री रमेश चन्द्र यादव, राष्ट्रिय अनुसन्धान जि.का.न.प.(व.सु.पू.)

जि.स.अ. श्री देवी प्रसाद आचार्य, जिल्ला समन्वय समिति, नवलपरासी (व.सु.पू.)

स.प्र.ना.उ. श्री विरभद्र नाथ, स.प्र.वल नेपाल नं. ३१ गुल्म न.प. (ब.सु.पू.)

कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाई, स्वास्थ्य कार्यालय, नवलपरासी (व.सु.पू.)

मे.सु. डा. वीर बहादुर थापा, मध्यविन्दु जिल्ला अस्पताल, नवलपरासी (व.सु.पू.)

अध्यक्ष श्री डासुराज पोख्रेल, नवलपुर उद्योग वाणिज्य संघ

अध्यक्ष श्री कमल नारायण श्रेष्ठ नेपाल औषधि व्यवसाय संघ, नवलपरासी (व.सु.पू.)

उप सभापति श्री पूर्ण प्रसाद गौडेल, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा न.प.(व.सु.पू.)

कोषाध्यक्ष श्री बेल प्रसाद पौडेल, सहमती संस्था गैडाकोट, न.प.(व.सु.पू.)

डोलराज चापागाई, कावासोती-६, साप्ताहिक बजार प्रतिनिधि

क.अ. श्री तारा देवी अर्याल, जिल्ला प्रशासन कार्यालय, नवलपरासी (व.स.प.)

**निर्णय नं. १:**

जिल्ला कोभिड व्यवस्थापन समिति (DCMC) को मिति २०७८।०४।०५ गतेको बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो। जिल्लामा मिति २०७८ बैशाखको सुरुदेखि हालसम्म कोभिड-१९ का जम्मा संक्रमित ६४४४ जना, निको हुने ५५०४ जना, मृत्यु हुने १०८ जना र हाल सक्रिय संक्रमितको संख्या ८३२ जना मध्ये अस्पतालमा हाल उपचाररत २३ र होम आइसोलेसनमा ८०९ जना रहेको। कुल संक्रमितको १२.९% हाल सक्रिय संक्रमित रहेको, १.७% मृत्यु भएका, ८५.४% निको भएका। सक्रिय संक्रमित मध्ये २.८% अस्पतालमा उपचाररत रहेका र ९७.२% होम आइसोलेसनमा सामान्य अवस्थामा रहेका। जिल्लामा कोरोनाको संक्रमण जोखिम कायमै रहेको महसुस गरियो।

**निर्णय नं. २ :**

विश्वव्यापी रुपमा फैलिएको नया भेरियन्ट सहितको कोभिड-१९ को जोखिम कायमै रहेको हुँदा संक्रामक रोग ऐन, २०२० को दफा २ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम मिति २०७८।०१।२१ गते मंगलवार रातको १२:०० बजे देखि शुरु भई मिति २०७८।०४।२१ गते बिहिवार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी भएकोमा संक्रमणको जोखिम कायमै रहेकोले सो निषेधाज्ञालाई निरन्तरता दिई मिति २०७८।०४।२१ गते बिहिवार रातको १२:०० बजे देखि मिति २०७८।०४।३२ गते सोमबार रातको १२:०० बजेसम्म लागु हुने गरी निषेधाज्ञा जारी गर्न अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ३ :**

स्थानीय तहका प्रत्येक वडाका वडा अध्यक्षज्यूको संयोजकत्वमा महिला स्वास्थ्य स्वयमसेविका, आधारभुत स्वास्थ्य केन्द्रका स्वास्थ्यकर्मी, टोल सुधार समितिका पदाधिकारीहरु दर्ता भएका स्थानीय युवा क्लव, सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधिहरु समेतले स्वास्थ्य सजगता तथा कोभिड-१९ को स्वास्थ्य सुरक्षा मापदण्ड पालना भए/नभएको सम्बन्धमा टोल सुधार समितिलाई सहयोग गरी कोरोना रोकथाम तथा नियन्त्रणमा प्रभावकारी भुमिका निर्वाह गर्ने निर्णय गरियो।

**निर्णय नं.४ :**

सबै स्थानीय तहका आइसोलेशन सेन्टरहरुमा अक्सिजन सिलिण्डर भरेर राख्ने, अक्सिजन कन्सन्टेटर चालु अवस्थामा राख्ने, आइसोलेशन वेडहरु तयारी अवस्थामा राख्ने र स्थानीय तह मार्फत एन्टिजिन परीक्षणलाई वडा-वडामा तिव्र गतिमा सञ्चालन गर्ने निर्णय गरियो।

२०७८।०४।१८